


**Population:**
74,800 (2000)
92,100 (2010)
113,500 (2020)
**Countries:** China, Switzerland
**Buddhism:** Tibetan
**Christians:** 2,000

## संक्षेप:

**अन्य नामहरू:** Tibetan: Zhongdian, Zhongdian Tibetans, Chung-tien Tibetans, Chongtien, Rgyalathang
**जनसंख्या:**
चीन : १,०४,००० (Joshua Project)
**उपभाषाहरू:** ७ (Rutog, Gartok, Zamda, Burang, Coqen, Gerze, Xigaze)
**तिब्बती बुद्ध धर्म:** ९५%
**इसाई धर्म:** २.६%
**बाइबल:** केही भागहरू सन्१८६२,नयाँ करार सन् १८८५, तिब्बती बाइबल सन् १९४८
**येशू चलचित्र:** छ
**सुसमाचारियरेकर्डिङ:** छ
**ख्रीष्टिय प्रसारण:** छैन




खम(खम्पा) भाषा बोल्ने करिब १,०४,००० जना तिब्बतीहरू युन्नान प्रान्तको उत्तर-पश्चिमी भागमा भएको शाङ्ग्रि-ला (पुरानो नाम चोङ्तीयन), वेईशी र लिचियाङ् जिल्लाहरूमा बसोबास गर्छन्। कुनै शाङ्ग्रि-ला तिब्बतीय परिवारहरू स्विजरल्याण्डमा पनि बसाइँ सरेका छन्।

प्राय: शाङ्ग्रि-ला तिब्बतीहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। सयौं लामाहरू भएको ठूलो चियथङ् सोङ्लीन बुद्ध गुम्बा शाङ्ग्रि-ला सहरको नजिक उत्तरमा छ।

धेरैले तिब्बतीहरू सुसमाचारबाट पूर्ण रूपमा वञ्चित भएका जाति भनी सोचे तापनि चीनको प्रान्तहरूमा बसोबास गर्ने शाङ्ग्रि-लाहरूको बीचमा उल्लेखनीय क्याथोलिक इसाईहरूको सङ्ख्या छ। यिनीहरूको इतिहास सन् १८५२ मा सुरु भयो। पेर रेणु भन्ने एउटा साहसपूर्ण मिशनरी युन्नान प्रान्तमा आइपुगेर त्यहाँबाट उत्तर-पश्चिमी कुनातिर अगाडि बढ्नुभयो। चोङ्तीयनदेखि तेन्छी जाने बाटोको तीन भागमा दुई भाग पार गर्दै खम्पा जातिको तोङ्चुलिन बुद्ध गुम्बामा आइपुग्नुभयो। जवान पादरीले चिनियाँ व्यापारी जस्तो भेष लगाएर दलाई लामालाई साथी बनाउनुभयो। पेर रेणु र उहाँको साथीहरूद्वारा धेरै तिब्बतीय गाउँहरूमा मण्डलीको स्थापना भयो। आज पनि फ्रान्सेली तरिकामा




बनाएको एउटा ठूलो क्याथोलिक मण्डली भवन वेईशीको नजिक च्रोन्त्युमा छ। सेइन्ट बेरनार्ड क्याथोलिक उप-भागको पादरीहरूले क्लुनी सिस्टर्स अफ सेइन्ट जोसेप उप-भागको ननहरू (इसाई भिक्षुणी) सँग मिलेर एउटा मिशन विद्यालय चलाउनुभयो; यो विद्यालयमा सिक्किम, नेपाल, भुटान र तिब्बतको बच्चाहरू अध्ययन गरे। आजको दिनहरूमा यहाँको क्याथोलिक पादरीले ७,५०० जना दक्षिणी खम्पाहरू र २,००० जना शाङ्ग्रि-लाहरूको बिचमा पादरी भएर सेवा गर्दै हुनुहुन्छ।